# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## नलगाड नगरपालिका
## जाजरकोट

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## नलगाड नगरपालिका

## जाजरकोट

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

नलगाड नगरपालिका

जाजरकोट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ६६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,

नलगाड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

जाजरकोट ।

१. **कैफियत सहितको राय —** हामीले नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ५ करोड २६ लाख ७३ हजार बेरुजू देखिएको छ । सो मध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ८ लाख ५१ हजार प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ६० लाख ४८ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ४६ लाख ६४ हजार र पेश्की बाँकी रु. १ करोड ११ लाख १० हजार समेत रू. ५ करोड २६ लाख ७३ हजार रहेको छ । नलगाड नगरपालिकाको गतवर्ष सम्म रु. ७ करोड ९० लाख ६४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजू रु. १४ करोड ९७ लाख ३७ हजार रहेको छ । नलगाड नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नलगाड नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नलगाड नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(पशुपति प्रसाद काफ्ले)**
**नायब महालेखापरीक्षक**

नलगाड नगरपालिका,

जाजरकोट

## १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५५ | ३९ | ५२६७३ | ० | ० | ० | ५५ | ३९ | ५२६७३ | ८५१ | २४६६४ | १६०४८ | ० | ० | ४०७१२ | ११११० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नलगाड नगरपालिका जाजरकोट | ७९०६४ | ० | ० | ७९०६४ | ० | ५२६७३ | १४९७३७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | ० | ० | ० |
| | कुल जम्मा | ० | ० | ० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **(क) कार्यालय परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी पालिकामा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नलगाड नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नलगाड नगरपालिकाको उद्देश्य रहेको छ । यस नलगाड नगरपालिका अन्तर्गत १३ वडा, ६९ सभा सदस्य, ३८७.४४ वर्ग किलोमिटर क्षेत्रफल तथा २८ हजार ९५० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१० देखि २०८०।६।२५ सम्म रहेको छ ।

(घ) **लेखापरीक्षण विधि** - यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग

तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजन/ राजश्व/ धरौटी/अन्य कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु१०,५००/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | **रकम रु** |
|---|---|---|
| १ | पारिश्रमिक कर | ४५०० |
| २ | बहाल कर | ६००० |
| | **जम्मा** | **१०५००** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन -**

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नानुसार देखिएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सूत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु१०,९३,५४,८४१।-, गरिवसंग विश्वेश्वर कार्यक्रम रु९,३९,०००।- एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम रु६,४०,९७,५४४।- पूर्वाधार विषेश कार्यक्रम रु ६९,७२,७३०।- सामाजिक विकास मन्त्रालय रु१२,००,०००।- खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय रु १३,४७,१८७।- आन्तरिक मामिला तथा कानून मन्त्रालय रु१६,५०,०००।- मुख्यमन्त्री रोजगार उद्यमशीलता तथा आय

आर्जन रु१,६५,५५,१६२।- समेत रु२०,२१,१६,४६४। सूत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सूत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सूत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **बाँकी मौज्दात-** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको यो वर्षको बाँकी मौज्दानमा वित्तीय प्रतिवेदन सूत्रमा रु१,३२,२४,९४४।२५ देखाएको छ भने एकीकृत आर्थिक विवरणमा रु १,४५,६६,१९६।५८ देखाएकोमा फरक रु१३,४१,२५२।३३ आन्तरिक राजस्व खाताको रकम सूत्रमा आम्दानी बाँधन छुट भएको पाइयो । यस सम्वन्धमा समयमै ध्यान दिनु पर्दछ ।

२.४ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ । बैंक हिसाव मिलान विवरण राखी सम्वन्धित कोषमा रकम दाखिला हुनु पर्दछ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०७९ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७९ असार मसान्तको बाँकी |
|---|---|---|---|
| १ | सञ्चित कोष | १०३८३५०६।४६ | ० |
| २ | चालु खाता | ० | ५४२१८३१।४६ |
| ३ | पूँजीगत खाता | ० | ४९६१६७५ |
| ४ | विविध खर्च खाता | २१०१८३४।७९ | २०५४२८९।७९ |
| ५ | आन्तरिक राजस्व खाता | १३४१२५२।३३ | ० |
| ६ | स्थानीय प्रकोप व्य कोष खाता | २६०७५८। | ० |
| ७ | धरौटी खाता | ५२६३९०। | ० |

२.५ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु५४,२१,८३१।४६ पुँजीगत खातामा रु४९,६१,६७५।

र आन्तरिक राजस्व खातामा रु१३,४१,२५२।३३ समेत रु१,१७,२४,७५८।७९ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन-

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

• पालिकाको श्रेष्ता र वैक वीचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको पाइएन ।

• पालिका संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाइएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितणमुखी रहेको पाइयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।

• वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाइएन ।

• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्नेमा तोकेको पाइएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको,

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ११५ जनाको दरबन्दी रहेकोमा २० दरबन्दी रिक्त रहेको पाइयो ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागू गरेको पाइएन ।

• निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.३ करोड ४० लाख ५९ हजार ९ सय ५ तलब खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।
• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्योट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा उपप्रमुख श्री सरिता सिंहले मिति २०७९।०४।०९ गते रु५९ करोड १७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०४।१० मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले २०७९।४।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरी सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

५ **आन्तरिक लेखापरीक्षण** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

६ **लक्ष्य प्रगति** -

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीयस्तर, जिल्ला तथा केन्द्रीयस्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च

गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम खर्च** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| कार्यक्रम संख्या | | | | | |
| २६८ | १४८३९०९९२ | ० | ८२ | १०६ | ८० |

७ **वार्षिक खरिद योजना/गुरुयोजना -**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु रु.१४ करोड ८३ लाख ९१ हजार पुंजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

८ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम पालिकाको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पालिकामा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित २३ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, लेखा अधिकृत जनस्वास्थ्य अधिकृत आ.ले.प. अधिकृत सहित ३२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी,

जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१० **लागत सहभागिता -**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित पालिकाको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने देखिन्छ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

११ **आवधिक योजना -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१२ **बजेट तथा कार्यक्रम तर्जुमा -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१३ **राजश्व अभिलेख -**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघाल्लो आ.व.को बाँकी के कति छन् यकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी

दिनमा रसिद नियन्त्रण तथा राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

१४ **आन्तरिक आय -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६१,५७ ,९९ ,८७२।७९ | ७७,९५ ,९१४।३३ | ०.०१% |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.०१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१५ **योजना छनौट र कार्यान्वयन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक गाउँ।नगर विकास योजना २०७९।८० को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन्

| रु. १ लाख सम्म | रु. १ लाख देखि २ लाखसम्म | रु. २ लाखदेखि ५ लाखसम्मका | रु. ५लाख देखि १० लाखसम्मका | रु. १०-५० लाखसम्म | ५० लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|
| ८१ | १९ | ७० | २२ | ४१ | १० | २४३ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख देखि १ करोड ५० लाखसम्मका जम्मा १६२ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ८१ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षैभरि योजना व्यवस्थापनमा खटिनुपर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असरपर्ने अवस्थातर्फ ध्यान दिनु पर्दछ ।

१६ **कर तथा शुल्क असुली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **असुली** |
|---|---|
| सम्पति कर | ८६७००० |
| भूमिकर ⁄मालपोत | ४२६००० |
| घरबहाल कर | २३६००० |
| अन्य सेवा शुल्क तथा बिक्री | १६०००० |
| न्यायिक दस्तुर(न्यायिक समितिको समेत | ९८००० |
| अन्य प्रशासनिक शुल्क(बोलपत्र फाराम बिक्री, समेत) | १६७०००० |
| सिफारिश दस्तुर | १४१६००० |
| ब्यक्तिगत घटना दर्ता दस्तुर | १९९००० |
| नाता प्रमाणित दस्तुर | २६९००० |
| अन्य दस्तुर | १५२४००० |
| ब्यबसाय रजिष्टेसन दस्तुर | ५७६००० |
| अन्य राजश्व (माथिका अन्य शीर्षकमा नपरेका) | ३५४९१४ |
| **कुल जम्मा** | **७७९५९१४** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

१७ **बजेट सीमा निर्धारण समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र

बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१८ **क्षेत्रगत बजेट र खर्चको स्थिति -**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु हजारमा)

| क.स | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३५३१० | २८४५९ | ४.६२ |
| २ | पूर्वाधार विकास | ६६६९० | ५५८०५ | ९.०६ |
| ३ | सामाजिक विकास | ३३८३९९ | ३२४४३३ | ५२.६८ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १०८८३६ | ९३४४८ | १५.१८ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १४०१९५ | ११३६५५ | १८.४६ |
| **कुल जम्मा** | | ६८९४३० | ६१५८०० | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५२.६८ प्रतिशत र आर्थिक विकासतर्फ सबै भन्दा घटीमा ४.६२ प्रतिशत रहेको छ ।

१९ **खर्च बिश्लेषण -**

पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु.६४,५४,६६२।- राजस्व बाँडफाँड र अनुदानबाट रु.५८,०३,६६,३७४।३१ समेत रु.५८,६८,४१,०३६।३१ आम्दानी भएकोमा चालुतर्फ रु.४६,७४,०८,८८०।६४ र पुँजीगततर्फ रु.१४,८३,९०,९६२।१५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१,२७,१९,९००।- खर्च भएको छ । जुन आन्तरिक आयको १९७.०६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७९.६४ प्रतिशत चालु र २५.२८ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२० **विविध खर्च -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.२३,००,०००।- खर्च गरेको छ ।

२१ **अवकाश कोष -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्नुपर्नेमा गरेको पाइएन । भविष्यमा कर्मचारी अवकाश हुँदा ठूलो धनराशी आवश्यकपर्ने भएकोले यसमा समयमै ध्यान दिनुपर्दछ ।

२२ **सार्वजनिक परीक्षण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ ।

२३ **कानून र सञ्चालन स्थिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३४ वटा ऐन, ४६ कार्यविधि, निर्देशिका १ र दिग्दर्शन १ लगायत ८२ वटा कानुन निर्माण गरेको छ । साथै पालिकाले ८२ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२४ **न्यायिक समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३० र यो बर्ष थप भएको ६ गरी कुल ३६ विवाद दर्ता भएकोमा ३ वटा मात्र फर्स्यौट

भई ३३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२५ **जिन्सी निरीक्षण -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिनाभित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा राखेपनि पूर्ण रुपमा लागु नभएकोले सम्पुण सम्पत्ति (PAMS) मा राख्नुपर्दछ ।

२६ **लागत सहभागिता -**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२७ **सफ्टवेयर खरिद -**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनपर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु८ लाख ६७ हजार खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

२८ **स्यानीटरी प्याड खरिद-**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयका कक्षा ६–१२ मा अध्ययनरत छात्राहरुका लागि निशुल्क स्यानीटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान दिने र यो व्यवस्था अनुसार छात्राहरुलाई प्याड उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सशर्त चालुको ३६।२०७९।९।१८ बाट १९००० पिस र १५९।२०८०।१।११ बाट ११९९८ पिस गरी कूल ३०९९८ पिस स्यानीटरी प्याड खरिदमा रु.१९,८८,१०४।- खर्च लेखेको छ । उक्त प्याडहरु विद्यालयका प्रधानाध्यापकहरुलाई भरपाई गरी वितरण गरेकोमा छात्राहरुले पाए नपाएको पालिकाबाट अनुगमन निरीक्षण गरेको पाइएन । तसर्थ आवश्यकतालाई महशुस नगरी खरिद प्रयोजनार्थ उक्त प्याडहरु खरिद गर्ने र उक्त प्याडहरु सम्बन्धित ठाउँमा हस्तान्तरण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२९ **सेवा प्रवाह -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार पालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ ।

| विवरण | निवेदन दर्ता | सिफारिश भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० | ० |
| पञ्जीकरणतर्फ | | |
| जन्मदर्ता | ० | ४६९ |
| मृत्युदर्ता | ० | १०३ |
| बसाईसराई दर्ता | ० | १६३ |
| विवाह दर्ता | ० | १४५ |
| सम्बन्धविच्छेद दर्ता | ० | ७ |

३० **त्रैमासिक पूँजीगत खर्च** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

(रु. हजारमा)

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | १४८३९१ | ८३९७ | ५७४९४ | ८२५०० | ० | ३८००७ |
| प्रतिशत | १०० | ५.६६ | ३८.७५ | ५५.६ | ० | २५.६१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१४ करोड ८३ लाख ९१ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.८३ लाख ९७ हजार अर्थात ५.६६ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.५ करोड ७४ लाख ९४ हजार, अर्थात ३८.७५ प्रतिशत तेश्रो त्रैमासिकमा रु.८ करोड २५ लाख, अर्थात ५५.६० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ

महिनामा मात्र रु.३८ हजार अर्थात २५.६१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३१ **कोटेशन बेगर भुक्तानी-**

सार्वजनिक खरिद नियमावली, २०६४ नियम ८५(४) मा एकलाख रुपैयाँभन्दा बढी रकमको सोझौ खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तिमा तीनबटा आपूर्तिकर्ता, निर्माण व्यावसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले कार्यालय प्रयोजनका लागि निम्न आपूर्तिकर्ताबाट मालसमान खरिद गर्दा दरभाउपत्र माग नगरी खरिद गरेको देखियो । कानुनको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

| क्र स | भौनं र मिति | आपूर्तिकर्ताको नाम | मू अ कर नं | रकम |
|---|---|---|---|---|
| १ | २५३।२०७९।९।२० | शर्मा पलाष्ट्रिक अडर सप्लायर्स | ३०२५२००४८ | २३५८७६ |
| २ | ३४२।२०७९।११।१० | लक्ष्मी अटो पार्टस एण्ड मर्मत सेन्टर | ३०५६२७६६५ | ३९४९०० |
| ३ | ६५४।२०८०।२।२९ | रासि पब्लिकेसन मल्टिप्रपोज बिज्नेश प्रा लि | ६०९९९४९२४ | १९९७६१ |
| ४ | ६५४।२०८०।२।२९ | भवानी मेडिसियन सप्लायर्स प्रा लि | ६१००३८०६२ | १४०२५१ |
| ५ | ६४१।२०८०।२।२५ | लक्ष्मी अटो पार्टस एण्ड मर्मत सेन्टर | ६०९९९४९२४ | १११७५७ |
| ६ | १९।२०७९।३।१३ | दीक्षान्त सप्लायर्स | ६०८४७०३२० | ३०२०४९ |
| ७ | ४१८।२०८०।३।२२ | रासि पब्लिकेसन मल्टिप्रपोज बिज्नेश प्रा लि | ६०९९९४९२४ | ५०००४८ |
| | | **जम्मा** | | **१८८४६४२** |

३२ **आर्थिक सहायता -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । नगरपालिकाले यस बर्ष खर्च संकेत नं २७२१२ बाट रु.४०,४०,४७७।-र संकेत नं. २७२१९ बाट रु.२८,९६,३९५।- गरी जम्मा रु.६९,३६,८७२।- आर्थिक सहायता वितरण गरेको देखियो । उक्त सहायता वितरण सम्बन्धी कार्यविधि बनाएको भए तापनि असहाय, विपन्न वर्गको वर्गीकरण तथा परिचयपत्र बेगर यस्तो खर्च गरेको छ । उक्त खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३३ **विलबेगर भुक्तानी -**

भौ नं २४, २०८०।०२।३१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ ख )अनुसार प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको भुक्तानी हुनुपर्ने उल्लेख छ जानकी मा. वि नेटाखोला तटबन्द योजनाको लागि रु.६,१२७।- वीमाको रकम भुक्तानी गरेकोमा सो बापतको विजक पेश नभएको र भौ नं २२, २०८०।०२।२९ बाट तल्लुबगर वडा कार्यालयदेखि डाँडा माथि सम्म कृषि सडक मर्मत योजनाका लागि रु.१८,६५,६९६।- खर्च लेखेकोमा वीमा तथा अन्य व्यवस्थापन खर्चमा रु.३५,३२८।- भुक्तानी भएकोमा वीमा तथा अन्य के के खर्च भएको हो सोको प्रमाण समेत जम्मा रु.४१,४५५।- को प्रमाण पेश हुन नआएकोले उक्त खर्च असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,४५५ |

३४ **प्राविधिक बिल र कार्य सम्पन्न** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

३५ **उपभोक्ता समितिले निर्माण व्यवसायीबाट कार्य गराएको** -

२६।२०७९।७।२३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीकै नियम ९७ को उपनियम १३ (क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्न निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्नेछ भनि उल्लेख गरेको छ । यस नगरपालिकाको मन्मै जिकुवा तासे काप्रा हल्चौर सडक मर्मत योजना उ स ले रु. ४,९४,०८८।- को नगरपालिकासँग भएको सम्झौता अनुसारको कार्यमा राम निर्माण सेवासँग पुन सम्झौता गरी रु. ५,७२,०००।- मा कार्यसम्पन्न गरेको विल पेश गरेकोले यसरी उपभोक्ता समितिले पालिकासँग सम्झौता गरी कामको जिम्मेवारी लिने, आफुले लिएको पूरै काम पुन निर्माण व्यवसायीसँग सम्झौता गरी कार्य गराउदा नियमावलीमा भएको व्यवस्था विपरित देखिएकाले काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिशकर्ता एवं अनुगमनकर्तालाई यस सम्बन्धमा जिम्मेवार बनाइनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९४,०८८ |

३६ **औषधि खरिद -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीसलाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहले उक्त प्रक्रियावेगर चालु खर्च सशर्त चालु खर्च नगरपालिकाबाट औषधि खरिदमा रु.४८,९०,०००।- का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधि एंव सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनुपर्ने एकमुष्ठ घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३७ **राजस्व असुली -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका १३ बटै वडाहरुको राजस्व असुली परीक्षण गर्दा बडा नं ८ बाट रु.३,५४,४१५।- असुली भएकोमा रु.३,३६,६८०।- मात्र दाखिला भएको पाइएकोले बाँकी रकम दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,६३५ |

३८ **ज्याला बाहेकको भुक्तानी -**

प्रधानमन्त्री रोजगार निर्देशिकामा उल्लेख २०७९ को परिच्छेद ५ को नियम १९ मा निश्चित प्रतिशत श्रमिकको ज्यालामा खर्च गर्नेगरी व्यवस्था गर्नुपर्ने तथा नगरपालिकाले निर्णय गरी नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाले पुँजीगत बजेटबाट रोजगारीमा खर्च गर्नुपर्ने बजेटको फरक फरक प्रतिशत तोक्न सक्ने उल्लेख छ । यस कार्यक्रमबाट विशुद्ध श्रमिकको ज्याला अर्थात रोजगारीमा मात्र बजेट खर्च गर्न सकिने व्यहोरा उल्लेख गरेकोमा यस रोजगार कार्यक्रमको शीर्षकबाट अन्य खर्च दिन नसकिने उल्लेख भएकोमा यस नगरपालिकाले निम्नानुसारको योजनामा भएको भुक्तानीमा श्रमिकको ज्याला सहित अन्य समाग्रीहरु जस्तै औजार, सिमेन्ट, जाली समेतको भुक्तानी भएकोले कार्यविधिमा भएको व्यवस्था अनुसार भएको नपाइएकोले सो बढी भुक्तानी भएको रकम अनियमित देखिएको रु.

| **भौ न मिति** | **योजनाको नाम** | **जम्मा भुक्तानी** | **भुक्तानी हुनुपर्ने** | **बढी भुक्तानी** |
|---|---|---|---|---|
| ७८ ।२०७९।११।०८ | घेरावार निर्माण १० नं वडा कार्यालय | ४६४६४० | २३१६११ | २३३०२९ |
| ३२८।२०८०।३।११ | वडा नं २ त्रिवेणी ज्वालामुखी गुफा धाम भवन मर्मत योजना उ स | ४९९८४० | ३९४९५४ | १०४८८६ |
| ६९ ।२०७९।१०।२० | बुराल मष्ट देवताको मन्दिर निर्माण योजना उ स | ३३८६२४ | २१९६३३ | ११८९९१ |
| १३१।२०७९।१२।२१ | तल्लु डाँडामाथि चौतारी निर्माण उ स | ४९८४३३ | ४३४६३८ | ६३७९५ |
| ३६१। २०८०।३।१६ | त्रिभुवन मा वि दल्ली फर्निचर निर्माण योजना | ६९९७७६ | ५६१९९६ | १३७७८० |
| १८४।२०८०।२।११ | कालिका मन्दिर निर्माण योजना उ स | २९९९०४ | २६९०४५ | ३०८५९ |
| १०१। २०७९।१२।६ | निर्मल ज्योति आधारभुत विद्यालय फिल्ड निर्माण उ स | ५९६९९२ | ५२४७८८ | ७२२०४ |
| | | | **जम्मा** | **७६१५४४** |

| | |
|---|---|
| अनियमित भएको | ७,६१,५४४ |

३९ **परामर्श सेवा खरिद -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३०(१) मा तोकिएको रकमभन्दा बढी रकमको परामर्श सेवा खरिद गर्नुपरेमा सार्वजनिक निकायले यस्तो परामर्श सेवा दिन इच्छुक व्यक्ति, फर्म संस्था वा कम्पनीबाट सो सम्बन्धी आशयपत्र संकलन गर्न कम्तिमा १५ दिनको अवधि दिई राष्ट्रियस्तरको समाचारपत्रमा तोकिएबमोजिमका कुराहरु खुलाई सूचना प्रकाशन गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्नानुसारको परामर्श सेवा खरिद गरेकोमा उक्त परामर्श सेवा खरिद गर्दा ऐनले तोकिए बमोजिमको प्रकृया पूरा गरेको देखिएन । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ (क)मा नियम ७० बमोजिम संक्षिप्त सूची तयार भएपछि सार्वजनिक निकायले सो सूचीमा परेको आशयपत्रलाई प्रस्ताव सम्बन्धी कागजात पठाई बीस लाखसम्म लागत अनुमान भएको खरिदको लागि कम्तिमा पन्ध्र दिनको समय दिई निजहरुबाट प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ । साथै परापर्श सेवाको नर्म्स सम्बन्धमा विज्ञको पारिश्रमिकको आधार बेगर लागत अनुमान तयार गरेको छ ।सार्वजनिक खरिद नियमावलीको प्रकृया पूरा नगरी सोझै परामर्श सेवा खरिद गरेको र विज्ञको पारिश्रमिकलाई पुष्टयाई गर्ने उपयुक्त आधार र प्रमाण पेश नगरेकोले मनासिब देखिएन ।

| भौ न ।मिति | योजनाको नाम | फर्म।पार्टी | रकम |
|---|---|---|---|
| ३१५ २०८०।३।१६ | चाबुलाईना मुहान भई कुल्चावटी लिफ्ट खानेपानी निर्माण | ।पि. केडिजाइनईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि | ४९७१८६ |
| ३२१ २०८०।३।१७ | कल्पत बृहत सिचाईं आयोजना | निशान इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि | १५०००० |
| ४।२०७९।६।११ | फुम्दा कालिगुर्ता सडक | | ९९४४०० |
| | | **जम्मा** | **२९९१५८६** |
| | | प्रमाण पेश नगरेको | २९,९१,५८६ |

## ४० एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम-

४०.१ **पन्ध्र शैयाको आधारभूत अस्पताल निर्माण -** वडा नं. ७ मा अस्पताल भवन निर्माण गर्न मिति २०७८।६।२२ मा निमार्ण व्यवसायी प्रेरा खड्का।कृष्ण क्याराभान जे.भी. काठमाडौंसँग रु.२२,०२,६३,५५८।६५ (मूअकर समेत) को सम्झौता भएको र उक्त कार्यको सम्पन्न गर्ने म्याद मिति २०८०।०३।१५ रहेकोमा सो अवधिमा सम्पन्न गर्न नसकि कार्यालयले २०८०।५।११ मा २०८० पौष मसान्तसम्मका लागि म्याद थप गरेको पाइयो । तेश्रो रनिङ्ग विलसम्म रु.६,४०,९७,५४५।- अर्थात् सम्झौता रकमको २९.१० प्रतिशत मात्र भुक्तानी भएको पाइयो । तसर्थ समयमै आवश्यक रकमको व्यवस्था गर्ने र समयमै कार्यसम्पन्न गरी जनतालाई स्वास्थ सेवामा सुविधा पुर्याउने कुरामा सम्वन्धित पक्षले ध्यान दिनुपर्ने देखिन्छ ।

| भौनं./मिति | रनिङ्ग विल | विलको रकम | अग्रिम कर | मू अ कर | धरौटी कट्टा गर्नुपर्ने |
|---|---|---|---|---|---|
| १।२०७९।६।१२ | प्रथम | २०००००० | २६५४८७ | ६९०२६६ | ८८४९५६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३।२०८०।२।१७ | पेश्की | १०२९४४५३ | ० | ० | ० |
| ४।२०८०।३।७ | दोश्रो | २९७८९५१० | ३९५४३६ | १०२८१३४ | १३८११२० |
| ६।२०८०।३।२३ | तेश्रो | ४०१३५८२ | ५३२७८ | १३८५२१ | १७७५९२ |
| | **जम्मा** | **६४०९७५४५** | **७१४२०१** | **१८५६९२१** | **२४४३६६८** |

निर्माणाधीन आधारभूत अस्पताल भवन नलगाड नगरपालिका

४०.२ **धरौटी कट्टा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम ४ मा सार्वजनिक निकायले उपनियम १ बमोजिम भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ्ग विल वा अन्य विल वा बीजकमा उल्लिखित रकमको ५ प्रतिशत रकम कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले भुक्तानी रकमको ५ प्रतिशतले हुने रु.२४,४३,६६८।- धरौटी कट्टा गर्नुपर्नेमा गरेको पाइएन । रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,४३,६६८ |

४०.३ **पेश्की बाँकी -** ३।२०८०।२।१७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७३(३०) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा निमार्ण व्यवसायी प्रेरा खड्का।कृष्ण क्याराभान जे.भी. काठमाडौंको नाममा रहेको पेश्की रु.१,०२,९४,४५३।- म्याद नाघेकोमा निर्माण व्यवसायीबाट असुल फस्यौट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | १,०२,९४,४५३ |

४१ **खानेपानी सिंचाई तथा उर्जा विकास कार्यालयहरु -**

भौ नं १ मिति २०८०।३।१८ बाट काफलबाट लघु जल विद्युत आयोजना नलगाड ५ लाई लागत अनुमान रु.२१,९३,६८०।०६ मा अनुदान रु.२०,००,०००।- मा ३ प्रतिशत कन्टेन्जेन्सी रु.६०,०००।- र उपभोक्ताको जनश्रमदान रु.२,५३,६८०।०६(११.५६) प्रतिशत व्यहोर्ने गरी सम्झौता भएकोमा उपभोक्ताको कार्य सम्पन्न प्रतिवेदन रु.१४,५५,४३५।४१ को पेश भएकोले सोको ११.५६ प्रतिशत जनश्रमदानको हुने रु.१,६८,२४८।३३ कट्टा गरी रु.१२,८७,१८७।- मात्र भुक्तानी हुनुपर्नेमा रु.१३,४७,१८७।- भुक्तानी गरेकोले बढी रकम रु.६०,०००।- सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,००० |

४२ **घटी श्रमदान -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । निर्माण कार्य सम्पन्न पश्चात सम्झौतानुसार आनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा निम्नानुसारको योजनामा जनश्रमदानको अंश घटी कट्टी गरेको पाइएकोले उक्त घटी कट्टा भएको रकम असुल हुनुपर्दछ । रु.

| **भौ न ।मिति** | **योजनाको नाम** | **भुक्तानी** | **जनश्रमदान कट्टी भएको** | **हुनुपर्ने** | **घटी कट्टी** |
|---|---|---|---|---|---|
| १३७।२०७९।११।११ | कैना औरख्याल सिलिङ्गी हुँदै वडा कार्याल य सम्म सडक निर्माण योजना | १६३३८४५ | ५४९६२९ | ५५२५९३ | २९६४ |
| २१ २०७९।१२।२१ | साइले साघु देखि दुम्का बानिया गाँउ सडक निर्माण | २९१०००० | ३९०९९५ | ३९६११९ | ५१२४ |
| | | | | **जम्मा** | **८०८८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,०८८ |

४३ **कार्यसम्पन्न पेश गर्नुपर्ने -**

भौ न २४८ ८०।२।१६ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ ख )अनुसार प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको भुक्तानी हुनुपर्ने उल्लेख छ । दम्का स्वास्थ्य भवन निर्माण क्रमागत योजना उपभोक्ता समितिले लागत रकम रु.३९,४९,६७१।- मा ४ कोठे स्वास्थ्य भवन निर्माण गर्न २०७९।६।१० मारी सम्झौता गरी मिति २०८०।१।२९ मा सम्पन्न गरेको छ । सम्झौता अनुसार यस नगरपालिकाले रु.१५,००,०००।- व्यहोर्ने देखिएकोले सोही रकम यस भौचरबाट भुक्तानी भएको छ । उक्त रकम भुक्तानी गरेकोमा सो स्वास्थ्य भवन निर्माण सम्पन्न गरेको प्रमाण , जग्गाको लगत, सार्वजनिक लेखापरीक्षणको प्रमाण, खर्चको अनुमोदन लगायतका विवरण पेश हुनुपर्दछ । रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००,००० |

४४ **प्रदेश समपूरक कोषबाट पूरै रकम भुक्तानी -**

३७५ २०८०।३।२२ प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को नियम ४(२) मा अनुदान प्रदान गर्दा ठेक्का लागत घटाघटबाट आयोजनाको कुल लागत घटी हुन गएमा सोही अनुपातका आधारमा अनुदान प्रदान गरिने उल्लेख

छ । त्यस्तै आयोजनाको प्रकृति, प्रदेश सरकारको प्राथमिकता, आवश्यकता, आयोजना वा कार्यक्रमबाट प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धी लगायतको आधारमा कुल लागतको बढीमा साठी प्रतिशतसम्म रकम प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्ने उल्लेख छ ।यस नगरपालिकाले बाँयाकांडा फम्दा हुँदै गेउ कटेरा सिउन सडक निर्माण उपभोक्ता समितिलाई कुल लागत अनुमान रु.५९,३८,९७५।- मा ५० प्रतिशत समपूरक अनुदान रु.५०,००,०००।- को सम्झौता गरी २०७९।१०।०७ मा कार्यारम्भ भई २०८०।१।२९ सम्ममा कार्य सम्पन्न गर्नेगरी सम्झौता गरी २०८०।३।२२ मा कार्यसम्पन्न भएकोमा रु.४७,६९,५९६।- मा कार्यसम्पन्न भई उक्त रकम भुक्तानी भएकोमा सम्झौता अनुसार ५० प्रतिशतले हुने रु.२३,८४,७९८।- मात्र समपूरक अनुदानबाट भुक्तानी हुन सक्ने देखिएकोमा पूरै रकम प्रदेश समपूरक कोषबाट खर्च गरेको पाइएकोले समपूरक कोषमा रु.२३,८४,७९८।- फिर्ता गरेको प्रमाण पेश हुनुपर्दछ । रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,८४,७९८ |

४५ **विविधतर्फ** -

४१२ २०८०।३।३१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । यस भौचरबाट कोशिस परियोजना अन्तर्गतको समृद्ध वस्ती निर्माण कार्यक्रमका लागि नलगाड नगरपालिका र कोशिस परियोजनाबिच भएको सम्झौता अनुसार यस नगरापालिकाबाट विनियोजित रकम रु.१५,००,०००।- मध्ये यस आर्थिक वर्षमा रु.७,५०,०००।- खर्च भएको छ । कार्यक्रममा भएको खर्चमा सामाजिक सुरक्षा कर, अग्रिम कर तथा पारिश्रमिक कर कट्टा गर्न छुटभएको देखिएकोले उक्त कर कट्टा गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्दछ । रु.

| **विवरण** | **भुक्तानी** | **छुट कर** |
|---|---|---|
| सामाजिक सुरक्षा १% | १५२६५८ | १५२६ |
| अग्रिम कर १ . ५ % | ३१४६६७ | ४७२० |
| वहाल कर १०% | १७५५०० | १७५५० |
| पारिश्रमिक कर १५% | १२६००० | १८९०० |
| | **जम्मा** | **४२६९६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,६९६ |

४६ **विलभन्दा बढी भुक्तानी -**

३१५ २०८०।३।१६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । पि.के डिजाइन ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि लाई चाबुलाईना मुहान भई कुल्चावटी लिफ्ट खानेपानी निर्माण को डिपीआर तयारीका लागि रु.४,९७,१८६।- यस

भौचरबाट खर्च देखिन्छ ।बिल अनुसारको भुक्तानी रु.४,८८,७८३।५० मात्र दिन मिल्ने देखिएकोमा रु.८,४०३।-विलभन्दा बढी भुक्तानी भएकोले सो रकम असुल हुनुपर्दछ । रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,४०३ |

४७ **सम्झौता भन्दा फरक च्यानेजमा काम -**

भौ न १०१ २०७९।१०।२२ तातोपानी देखि बास्कोटसम्म सडक मर्मत योजना उपभोक्ता समितिसँग २०७९।९।३० देखि काम शुरु गरी २०७९।१२।२९ मा कार्यसम्पन्न गर्ने गरी श्रमदान बाहेक यस नगरपालिकाले व्यहोर्ने रु ३००००० बजेट विनियोजन भइ सोही रकम भुक्तानी भएको छ । उक्त योजनाको रकम भुक्तानी गरेकोमा लागत अनुमान तयार गर्दा नभएको निम्नानुसारको च्यानेजको कार्यसम्पन्न तथा नापी किताबमा उल्लेख गरी सोही च्यानेजको भुक्तानी भएको छ । लागत अनुमान अनुसार २४५० मि मा काम गर्ने गरी सम्झौता भएको पाइएकोमा कार्य सम्पन्नमा २९५० मि लम्बाईमा काम गरी खर्च लेखेको छ । जसअनुसार सम्झौता तथा लागत अनुमान भन्दा ४५० मि लम्बाईमा निम्नानुसारको च्यानेजमा काम गरी भुक्तानी भएको छ । यसरी सम्झौताभन्दा फरक वा बढी ४५० मिटर लम्बाईमा काम भएको छ यसरी फरक च्यानेज तथा लम्बाईमा काम गर्नुपर्नाको कारण खुलाएको पाइएन त्यस्तै गरी लागत अनुमान संशोधन तथा स्वीकृति नगरी भुक्तानी गर्ने गरेको पाइएको छ । च्यानेज फरक वा बढी च्यानेजमा काम गर्नुपर्दा अन्य प्रदेश तथा संघको निकायहरुले समेत काम गर्ने च्यानेजमा Overlapping हुने अवस्थालाई न्यूनीकरण गर्न आवश्यक समन्वय तथा सहकार्य गरेर मात्र गर्नुपर्दछ । बढी काम भएको चेनेज

| च्यानेज | लम्बाई | औसत क्षेत्रफल | Volume | दर |
|---|---|---|---|---|
| २+५०० | ५० | २.४६ | १२३ | ५५ |
| २+५५० | ५० | २.५१ | १२५.५ | ५५ |
| २+६०० | ५० | २.३४ | ११७ | ५५ |
| २+६५० | ५० | २.१३ | १०७.५ | ५५ |
| २+७०० | ५० | १.९२ | ९६ | ५५ |
| २+७५० | ५० | १.९६ | ९८ | ५५ |
| २+८०० | ५० | २.१७ | १०७ | ५५ |
| २+८५० | ५० | २.१७ | १०८.५ | ५५ |
| २+९०० | ५० | २.४१ | १२०.५ | ५५ |
| २+९५० | ५० | २.८५ | १४२.५ | ५५ |
| ४५० | | | ११४५.५ | |

४८ **जिन्सी दाखिला र जडान -**

१११ २०७९।१०।२९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । नगरप्रमुख रोजगार कार्यक्रमलाई भनी रु.२,५६,०००।- खर्च भएको छ।उक्त खर्च मध्ये निम्नानुसारको विभिन्न पाइप तथा सामग्री खरिद गरेकोमा कुन कुन योजनाको लागि कति परिमाणमा खरिद गर्नुपर्ने हो सो यकिन गरेको कागजात, उक्त सामानको जिन्सी दाखिला त्यस्तै जडान गरेको प्रमाण लगायत विवरण छुट भएकोले सो पेश हुनुपर्दछ । रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९५,४९२ |

४९ **प्रयोजन नखुलेको -**

४२। २०७९।९।१९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कातीखोला देखि सल्लाघारी पाईप खरिद नलगाड ७ मा २५ MM HDPE PIPE PN १२.५ @ ४९.९५ ,२००० M रु.९९,८९२।- को पाईप खरिद गरेकोमा उक्त पाइप वितरण तथा जडान गरेको प्रमाण खुल्ने कागजात नरहेको तथा वडा समितिको सिफारिश तथा निर्णयका आधारमा उक्त पाईप खरिद भएकोमा जिन्सी दाखिला नरहेको ले सोको प्रयोजन खुल्ने कार्यसम्पन्न प्रमाण पेश गर्नुपर्दछ । साथै उक्त पाइप खरिद गर्दा अग्रिमकर कट्टा नभएकोले सो कट्टा गरी दाखिला गर्नुपर्दछ रु.१,३२६ समेत रु.१,०१,१२८।-

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०१,१२८ |

५० **जिन्सी दाखिला नगरेको -**

१९९ २०८०।१।१० नहकुल निर्माण सेवा एण्ड नहकुली सप्लायर्सलाई विभिन्न निर्माण सामाग्रीहरु खरिद गरी रु.७,८२,६६७.१५ रकम यस भौचरबाट भुक्तानी भएकोमा दुईवटा विजकहरु विजक नं ३ मिति २०८०।१।७ बाट मु अ कर सहित रु.१९,८९५.०१ र विजक नं ०२ मिति २०८०।१।७ बाट रु.७,६२,७७२.१४ गरी जम्मा रु. ७,८२,६६७.१५ भुक्तानी भएको छ । उक्त रकम भुक्तानी भएकोमा सो सामाग्रीहरु जिन्सी दाखिला गरेको प्रमाण नरहेकोले सो पेश गर्नुपर्दछ । रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,८२,६६७ |

५१ **छायाप्रति विजक -**

४३।२०७९।०९।१९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ ।चन्दननाथ सौर्य ऊर्जालाई रेडियो नलगाड एफ

एम को स्टेपलाईजर सहित UPS खरिद गर्न विजक नं ०३ २०७९।८।११ बाट रु.७४,५४६।- भुक्तानी भएकोमा फोटोकपी विजक पेश भएकोले सक्कल विजक पेश हुनुपर्दछ रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६३,५४६ |

५२ **ठेक्का नं NM/JKT/SSB/NCB/०९/२०७७/७८**

५२.१ **खानटाकुरा शहीद स्मृति पार्क निर्माण**- नलगाड नगरपालिका ५ खानटाकुरासँग मनकामना निर्माण सेवा एण्ड सप्लायर्स सँग २०७८।५।३१ मा रु.१,१३,८९,५८९।९६ मा सम्झौता भई सोही मितिको कार्यदिश दिई २०७८ फागुन १५ सम्मको कार्यावधि रहेको देखिन्छ ।उक्त निर्माण कार्यको समयमा कार्यसम्पन्न नगरी २०७८।११।२ मा बर्षाको कारण बाटो बन्द भएकोले सो काम समयमा सम्पन्न हुन नसकेको कारण जनाई म्याद थप गर्न निवेदन पेश गरेकोमा कार्यपालिकाको निर्णयले २०७९ साल पुष १९ सम्म म्याद थप भएको र सो अवधिमा समेत कार्य सम्पन्न नभइ पुन वर्षा तथा निर्माण सामग्रीको मूल्य बृद्धि लगायता अस्पष्ट कारण देखाई २०८०।३।१५ सम्म म्याद थप भएको छ । यसरी सुरु अवधिको १३३ प्रतिशतसम्म म्याद थप हुँदा समेत निर्माण कार्यको भौत्तिक प्रगति ७५ प्रतिशत रहेको छ।निर्माण कार्यमा हालसम्म रु.४६,४४,६००।- रकम अर्थात ४०.७७ प्रतिशत नगरपालिकाबाट भुक्तानी भइसकेको देखिन्छ ।ठोस कारण तथा स्पष्ट आधारबेगरको म्याद थप पटकपटक भएको तथा सो गर्दा समेत कार्य सम्पन्न भएको छैन ।कार्यालयको भनाई अनुसार सुरुमा बजेट समेत समयमै प्राप्त भई पेश्की समयमा नै गएको देखिन्छ भने त्यसपश्चात काममा ढिलाई भई उक्त काम समयमा सम्पन्न गर्न नसकेको कारण प्राप्त बजेट समेत सुरुमा फिर्ता गई पछिल्लो आर्थिक वर्षमा पर्याप्त बजेट विनियोजन नहुने कारण ठेक्काको अवधि लामो र पटकपटक म्याद थप गर्दै भुक्तानी गरेको देखिन्छ ।यसरी समयमा नै कार्यसम्पन्न गर्न नसकेको कारण ठेक्का अधुरो रहने तथा समयमा काम सम्पन्न नहुँदा ढिला प्रतिफल प्राप्त हुने देखिएकोले समयमा नै कार्यसम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । यस ठेक्काको वीमा गरेको प्रमाण समेत प्राप्त नभएकोले वीमाको कागजात पेश हुनुपर्दछ ।

५२.२ धरौटी कट्टा नगरेको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा रिटेन्सनमनी वापत रनिङ वा अन्य बिल वा बिजकमा उल्लिखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने उल्लेख छ । उक्त ठेक्काको रनिङ विलअनुसार हालसम्म भुक्तानी भएको रु.४६,४४,६००।- को ५ प्रतिशत रु.२,०५,५१३।- धरौटी खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०५,५१३ |

५२.३ **म्याद थप नगरेको**- उक्त निर्माण कार्यको म्याद २०८०।३।१५ सम्म मात्र रहेकोमा पुन म्याद थप नभएको अवस्थामा समेत २०८०।३।२४ मा दोस्रो रनिङविलको रकम रु.९,८४,१४०।- भुक्तानी भएकोले म्यादथप बेगर भुक्तानी भएको छ । अत: म्याद थप गरेर मात्र भुक्तानी दिनुपर्दछ ।

५२.४ **कार्यसम्पादन जमानत**- ठेक्काको कार्यसम्पादन जमानत रु.३२,५४,०००। को अवधि २०२३।१०।१३ सम्मको मात्र रहेकोमा ठेक्का अवधिलाई खाम्नेगरी कम्तिमा पनि जुलाई ३०।२०२४ सम्मको म्याद रहेको कार्यसम्पादन जमानत पेश हुनुपर्दछ । रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,५४,००० |

५३ **करार कर्मचारीलाइ स्थानीय भत्ता** -
सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को पत्रबाट २०७४।७५ बाट लागू हुने गरी करार कर्मचारीको सेवा सुविधाको बारेमा गरेको परिपत्रमा उल्लेखित सेवा सुविधा बाहेक अन्य सुविधा दिन नपाउने व्यवस्था उल्लेख छ । पालिकाले विभिन्न शीर्षकबाट तलव भत्ता खाने गरी करार कर्मचारी भर्ना गरी ईञ्जीनियर श्री उमेश खड्कालाई मासिक रु ८८००।का दरले वार्षिक रु.१,०५,६००।- स्थानीय भत्ता भुक्तानी भएको देखिन्छ । यसरी नियम विपरीत भत्ता भुक्तानी दिएको नियमसंम्मत नदेखिएको रु.

| सि नं | कर्मचारीको नाम र पद | रकम |
|---|---|---|
| २ | ईञ्जीनियर श्री उमेश खड्का | १०५६०० |
| | जम्मा | १०५६०० |

| | |
|---|---|
| अनियमित भएको | १,४०,२५० |

५४ **करार कर्मचारीलाई प्रोत्साहन भत्ता**-
सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को बुँदा ११(१) मा प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेवापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाजाखाना लगायतका कुनै प्रकारका भत्ता प्रदान गरिने छैन, बुँदा २०(२) मा प्रदेश तथा स्थानीय तहले यस मापदण्डको प्रतिकुल नहुने गरी मितव्ययीता तथा सार्वजनिक खर्चको प्रभावकारिता सम्बन्धी मापदण्ड बनाई लागू गर्न सक्ने छन् भन्ने व्यवस्था रहेकोमा पालिकाले यस मापदण्डको अधीनमा रही खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड बनाई लागू गर्नुपर्ने र त्यस्तो मापदण्ड नबनेसम्म यस मापदण्डको पालना गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ । मुख्यमन्त्री रोजगार उद्यमशीलता तथा आय आर्जन कार्यक्रम अन्तर्गत प्रोत्साहन भत्ता वापत तपशीलका कर्मचारीलाई रु.१,८०,०००/- मा १ प्रतिशत सामाजिक सुरक्षा कर रु.१,८००।- कट्टा गरी भुक्तानी खर्च लेखेको छ । सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ विपरित प्रोत्साहन भत्ता भुक्तानी गरेकोले खर्च लेखेको रकम नियमित नदेखिएको रु. १,२३,७५०।-

| सि नं | कर्मचारीको नाम र पद | रकम |
|---|---|---|
| २ | ईञ्जीनियर श्री उमेश खड्का | ८९१०० |
| ३ | प्रा स पाँचौ श्री सुदाम शर्मा | ३४६५० |

| | जम्मा | १२३७५० |
|---|---|---|

| | |
|---|---|
| अनियमित भएको | १,२३,७५० |

## ५५ शिक्षक दरवन्दी र पदपूर्ति-

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार (राहत र अस्थायी) | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | प्राथमिक तह | १०३ | १०३ | ४१ | ६२८३ |
| २ | आधारभुत तह | १७ | १७ | ७ | २४०३ |
| ३ | माध्यमिक तह | १२ | १२ | १४ | २२५८ |
| | जम्मा | १३२ | १३२ | ६२ | १०९४४ |

शिक्षक दरबन्दी दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

## ५६ पालिकाका पदाधिकारी सुविधा -

कर्णाली प्रदेश पालिकाका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मितिदेखि अनुसूची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई यस वर्ष रु.१,२७,१९,९००।- रकम सुविधा वापत भुक्तानी गरेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ५६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ५७ हेभी इक्विपमेण्टको प्रयोग -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१३क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति सँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्न निर्माण व्यवसायीलाई कालो सूचीमा राख सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन:

| भौ न मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| १०१ ।२०७९।१०।२२ | खालचौर भारगाँउ गर्छिन सडक मर्मत | सडक मर्मत | ४००००० | डोजर | ४००००० |
| १२६।२०७९।११।२ | कालिमाटी देखि खारा सडक मर्मत | सडक मर्मत | १५०००० | डोजर | १५०००० |
| १३७।२०७९।११।११ | कैना औरख्याल सिलिडी हुँदै वडा कार्यालय सम्म सडक निर्माण | सडक निर्माण | १६३३८४५ | डोजर | १६३३८४५ |
| १४७।२०७९।११।२१ | बाँयाकाँडा फम्दा हुँदै गेउ कटेरा सम्म सडक निर्माण | सडक निर्माण | १६००५०० | डोजर | १६००५०० |
| १८५ २०७९।१२।२९ | दल्ली देखि काडादल्ली सडक मर्मत | सडक मर्मत | १८७४६० | डोजर | १८७४६० |
| ३२६ २०८०।३।१८ | सरस्वती प्रा वि देखि माथिल्लो काडा दल्ली सडक निर्माण योजना | सडक निर्माण | ८९८१६९ | डोजर | ८९८१६९ |
| | | **जम्मा** | | | ४८,६९,९७४ |

५८ **फोहरमैला व्यवस्थापन -**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

५९ **शीर्षक फरक पारी खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३५ (२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शीर्षकमा रहेर गर्नुपर्दछ र खर्च गर्न बाँकी छ भने सोको विचार गरी खर्च गर्ने र खर्च गर्न निकासा दिनुपर्ने व्यवस्था गरेको छ । कार्यालयले निम्नानुसारको खर्च गरेकोमा जुन शीर्षकवाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शीर्षकबाट खर्च लेखि भुक्तानी गरेको देखिएकाले यसरी नियम विपरीत खर्च लेखी भुक्तानी गरेको रकम नियम सम्मत देखिएन । रु.

| **क्र स** | **भौ नं मिति** | **विनियोजन शीर्षक** | **खर्च शीर्षक** | रकम |
|---|---|---|---|---|
| १ | ५३१।२०८०।०१।३१ | विपद व्यवस्थापन कोष खर्च | सरस्वती प्रा वि छाना मर्मत | २४८८६९ |
| २ | ६६३।२०८०।०२।३१ | विपद व्यवस्थापन कोष खर्च | समाज परिवर्तन प्रा वि को छाना मर्मत | १११९४२ |
| ३ | ६८२।२०८०।०३।०३ | विपद व्यवस्थापन कोष खर्च | कुलबाखा पुल निर्माण | ३९०००० |
| ४ | ६८३।२०८०।०३।०३ | विपद व्यवस्थापन कोष खर्च | हिमालय प्रा वि छाना मर्मत | १३७०४० |
| ५ | ७१७।२०८०।०५।०३ | विपद व्यवस्थापन कोष खर्च | जनकल्याण प्रा वि छाना मर्मत | १४०५४८ |
| ६ | ७१८।२०८०।०५।०३ | विपद व्यवस्थापन कोष खर्च | निर्मल ज्योति आ वि छाना मर्मत | ४६९८० |
| ७ | ७४५।२०८०।०३।११ | विपद व्यवस्थापन कोष खर्च | रग्दा स्वास्थ्य चौकी छाना मर्मत | ७७३७९ |
| ८ | ७४६।२०८०।०३।११ | विपद व्यवस्थापन कोष खर्च | राम भक्त प्रा वि मेसनरी बाल निर्माण | ९९५८४ |
| ९ | ७५०।२०८०।०३।११ | विपद व्यवस्थापन कोष खर्च | काठेपुल निर्माण | ५०००० |
| १० | ७८२।२०८०।०३।२० | विपद व्यवस्थापन कोष खर्च | रेडक्रस भवन निर्माण | ५००००० |
| | | | **जम्मा** | **१८०१५४२** |
| | | | अनियमित भएको | १८,०१,५४२ |

६० **गुणस्तर परीक्षण-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

६१ **अनुत्पादक खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिभल प्राप्त हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्छ भनी उल्लेख गरेको छ । यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.४,९५,०००।- खर्च गरेको देखिन्छ ।यसरी अनुत्पादक क्षेत्रमा बजेट विनियोजन गर्दा पालिकालाइ अधिक आर्थिक भारपर्ने भएकोले खर्च नियन्त्रण गर्नु पर्दछ ।

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | कैना मेला व्यवस्थापन उपभोक्ता समिति | कैना मेला व्यवस्थापन | ३००००० |
| २ | विवेक पंगाली | बैरीताल टापु मेला व्यवस्थापन | १००००० |
| ३ | टिकाराम जैसी | मेला व्यवस्थापन योजना तल्लुवगर | ९५००० |
| | **जम्मा** | | **४,९५,०००** |

६२ **गत बर्षको भुक्तानी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रु.१,००,०५,७५१।- भुक्तानी दिएको छ । तसर्थ यस्तो भुक्तानी यस वर्षको कार्यक्रममा असर पार्ने भएकोले नियन्त्रण गर्नु पर्दछ ।

| सि नं | कार्यक्रमको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | तल्लो डौरेवारी खा पा मर्मत | १५०००० |
| २ | खानेपानी आपूर्ति तथा सरसफाई व्यवस्थापन कार्य | २७७९३६ |
| ३ | पाइप खरिद | ७३२२७३ |
| ४ | मुख्यमन्त्री | ६७९७६ |
| ५ | नेपाल रेडक्रस सोसाईटी भवन वडा न २ | ४९६८५८ |
| ६ | जुरेली सौर्य विधुत उत्पादन | ६९४६०० |
| ७ | अन्य विविध | १०००००० |

| | | |
|---|---|---|
| ८ | कुलो मर्मत वडा ७ | ५००००० |
| ९ | जनजागरण प्रा वि मान्चौर भवन निर्माण योजना | २९६६०० |
| १० | घर भाडा छुट | ३३९१७० |
| ११ | मर्मत तथा इन्धन | १४४६५० |
| १२ | सवारी साधन खरीद | ४२१८७४ |
| १३ | मेशिनरी औजार वापतको छुट रकम | ८१९७४ |
| १४ | भाडा तथा ढुवानी | ३७००० |
| १५ | प्राविधिक भत्ता छुट | २८००० |
| १६ | तल्लो डौरेवारी खा पा मर्मत | १५०००० |
| १७ | मसलन्द तथा कार्यालय सामग्री खर्च | ५५३७७३ |
| १८ | विविध खर्च | २५७६० |
| १९ | इन्धन मर्मत विल भुक्तानी | २२००० |
| २० | सूचना प्रकाशन विल भुक्तानी | ४००००० |
| २१ | विविध खर्च | ३०००० |
| २२ | इन्धन मर्मत विल भुक्तानि | १३३००० |
| २३ | पानि तथा विजुली | १०००० |
| २४ | सवारी साधन मर्मत | २०००० |
| २५ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | २२५१४२ |
| २६ | भाडा तथा ढुवानी | २४००० |
| २७ | इन्धन मर्मत विल भुक्तानी | ६५६५० |
| २८ | विविध खर्च | १६००० |
| २९ | सवारी साधन मर्मत | ३५००० |
| ३० | विपत व्यवस्थापन | ७५००० |
| ३१ | विविध खर्च | ९६०० |

